"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं.: ३४०१

फोन नं.: ०११-४९९४५१
फ्याक्स: ०११-४९९२३७

मिती : २०७८/०२/१६

**लागत साझेदारीमा बाखा प्रर्वद्धन कार्यक्रम संचालन गर्नका लागी दरखास्त आब्हानको सुचना ।**

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका अन्तर्गत पशुपन्छी शाखाले आ.व.०७७/७८ मा संचालन गर्ने कार्यक्रम मध्ये प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना **बाख्राको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र ( पकेट) बिकाश कार्यक्रम सचालनमा** बाखा,बोका बितरण लगायत सो सँग सम्बन्धित अन्य कार्यक्रमहरु समेत संचालन गर्न पाँचखाल नगरपालिको मिति २०७७/११/१४ को निर्णय अनुसार वडा नं ७ मा तोकिएको हुदा "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७" बमोजिम कृषकको २० प्रतिशत लागत साझेदारीमा बाखा /प्रजननयोग्य पाठी र बोका बितरण गर्नु पर्ने भएकाले इच्छुक यस न. पा.वडा नं ७ भित्रका सहकारी संस्था/कृषक समुह र समितिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन आब्हान गरिन्छ । रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ । निवेदन र संक्षिप्त व्यवसायिक कार्य योजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रकृया कृषि तथा पशुपन्छी विकास मन्त्रालयको Website www.moald.gov.np बाट डाउनलोड गर्न वा वडा नं ७ को कार्यालयबाट फाराम लिई आबश्यक कागजात संलग्न राखि वडा नं ७ को कार्यालय वा पशुपंक्षी शाखामा पेश गर्नु हुन अनरोध छ । अन्य थप जानकारीका लागी फोन नं ९८४१४१४००१ मा सम्पर्क गन्‌ हुन अनुरोध छ ।

<u>आवश्यक कागजातहरु</u>

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजात ।
३. समुह/समिति/सहकारी संस्थाको आ.व. ०७६/७७ को लेखा परिक्षण प्रतिवेदन र सोहि अवधिको कर चुक्ता प्रमाणको प्रतिलिपी ।
४. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने सम्वन्धी निर्णयको प्रतिलिपी ।
५. समुह/समिति/सहकारी संस्थाका कार्य समिती तथा सम्पुर्ण सदस्यहरुको नामावली ।
६.COVID-19 का कारण रोजगारी गुमाई वैदेशिक रोजगारीवाट फर्केका युवा/युवतीहरु वा मृगौला पिडितहरुलाई प्राथामिकताका साथ इच्छुक व्यक्तीलाई समुहमा समावेश गर्नु पर्नेछ ।
७. सम्वन्धीत वडा कार्यालयको सिफरिस पत्र ।
८. तोकिएको ढाँचामा अनुसुची २ वमोजिमको कार्य योजना र अनुसुची ३ वमोजिमको निवेदन सलग्न हुनुपर्ने छ ।
९. यस सम्वन्धी निर्णय गर्ने सम्पुर्ण अधिकार पाँचखाल नगरपालिकामा सुरक्षित हुनेछ ।

०७८/२/१६

शिब प्रसाद हुमागाई
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत